## कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्या : २०७९/८०
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

## सूचीदर्ता/दररेट पेश गर्ने सम्बन्धी सूचना॥
(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२६)

प्रस्तुत विषयमा कालीगण्डकी गाउँपालिकाद्वारा सञ्चालित कालीगण्डकी अस्पतालको लागि आ.व.२०७९/८० मा आवश्यक पर्ने औषधि एवं सर्जिकल, ल्याब, एक्सरे तथा औजार सम्बन्धी सामानहरु आपूर्तिकर्ताहरुले यस कार्यालयबाट तयार गरिएको अनुसूचीहरुमा उल्लिखित सामानहरुको दररेट कोटेशन फर्म रु.१०००।- मा खरिद गरी उक्त सेवा उपलब्ध गराउन ईच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार (Standing List) दर्ताको लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कोटशनको दररेट शिलबन्दी गरी र सूचीकृतको लागि निवेदन साथ आवश्यक कागजातहरु समेत संलग्न गरी यस कार्यालयमा दरखास्त दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः**

१) फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,

२) भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि,

३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

**अन्य जानकारीहरुः**

१) म्याद नाघी पेश भएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही हुने छैन ।

२) सूचिकृत भएको फर्म, संस्था वा कम्पनीबाट कार्यालयको आवश्यकता अनुसारका सामान वा सेवा खरिद गर्न सकिनेछ ।

३) सूचीकृत भएका कम्पनी तथा फर्महरुले सन्तोषजनक सेवा तथा सामान आपूर्ति नगरेको अवस्थामा सूचिकृतबाट हटाउन सकिनेछ ।

४) प्राप्त निवेदन स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

५) यस सूचना अनुसार दर्ता भएको सूचि आ.व.२०७९/८० को लागि मात्र मान्य हुनेछ ।

हिरामणी पाण्डे
नि.प्रमुख प्रशासकीय अधिकृत